# ग्रामीण जिविकोपार्जनमा सुधारको लागि पिको हाइड्रो विद्युतीकरण तथा सुधारिएको पानी घट्ट आयोजना



## कार्यक्रमको परिचय

यो **"ग्रामीण जिविकोपार्जनमा सुधारका लागि पिको हाइड्रो विद्युतीकरण तथा सुधारिएको पानी घट्ट आयोजना"** नामक परियोजना साईमन्पु फाउण्डेसन, फिनल्याण्ड (Siemenpuu Foundation, Finland) को आर्थिक सहयोगमा उदयपुर जिल्लाको रौतामाई गाउपालिका वडा ४ र लिन्चुङवुङ गाउँपालिका वडा ५ (साबिकको सुनकोशी) मा पिको हाइड्रो विद्युतीकरण र सुधारिएको पानी घट्टको सम्भावनालाई मध्यनजर गर्दै त्यस ग्रामीण क्षेत्रमा सामुदायिक विद्युतीकरण र लघु उद्यमको विकास मार्फत स्वच्छ ऊर्जा पहुंच र दिगो विकास सहित ग्रामीण जनजिवनमा सुधारको मूल उद्देश्य लिई ग्रामीण प्रविधि केन्द्रले, ओरेक नेपाल (Women's Rehabilition Center, Nepal) को स्थानिय साझेदारी तथा रौतामाई र लिन्चुङवुङ गाउँपालिकाको सहकार्यमा सञ्चालन हुन गइरहेको छ।

## कार्यक्रम सञ्चालित जिल्ला

उदयपुर जिल्ला, प्रदेश १

## कार्यक्रम सञ्चालन अवधि

जुलाई २०१८ देखि सेप्टेम्बर २०१९ सम्म ।

## कार्यक्रमको मुल उद्देश्य

ग्रामीण क्षेत्रमा सामुदायिक विद्युतीकरण र लघु उद्यमको विकास मार्फत स्वच्छ ऊर्जा पहुंच र दिगो विकास सहित ग्रामीण जनजिवनमा सुधार



## अपेक्षित उपलब्धी (Outcomes)

- घरायसी विद्युतीकरण मार्फत स्वच्छ उजा ʼमा पहुँचका साथै वातावरणीय प्रभाव पान ʼन्धन /प्रविधिको प्रयोगमा न्युनीकरण
- पिको हाइड्रो आयोजनाबाट उत्पादित विद्युतले राति पनि पर्याप्त उज्यालो हुने भएको कारण बालबालिकाहरुले सरल र धेरै समय पठनपाठनमा समय दिन सक्ने हुनाले शैक्षिक स्तरमा सुधार
- पिको हाइड्रो आयोजनाबाट अन्न कुटानी तथा पिसानीका प्रविधिहरु पनि सजिलै सञ्चालन गर्न सकिने हुनाले टाढा रहेका डिजेल मिल वा परम्परागत घट्टसम्म धाउनु पर्ने बाध्यता हटी खास गर ी महिला तथा बालबालिकाको कार्यबोझ

## परियोजनाको क्रियाकलापहरु :

- कार्यक्रमको लक्ष्य र उद्देश्य तथा सम्बन्धित पक्षको जिम्मेवारी र स्वामित्वको बारेमा जानकारी दिन कार्यक्रम सञ्चालक, स्थानीय सरकारी निकाय, स्थानीय साझेदार संस्था, सम्बन्धित समुदाय र सरोकारवाला निकाय सम्मिलित कार्यशाला गोष्ठिको आयोजना
- पूर्व सम्भाव्यता अध्ययनमा आधारित रहेर आयोजनाको आर्थिक, प्राविधिक, सामाजिक र वातावरणिय पक्षको विस्तृत सम्भाव्यता अध्ययन
- आयोजनाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन, सामाजिक परिचालन, योजना निर्माण तथा कार्यान्वयन र निर्णयहरु गर्नको लागि समावेशी रुपमा उपभोक्ता समितिको गठन
- प्रत्येक आयोजना क्षेत्रमा नेपाल सरकार, वैकल्पिक ऊर्जा प्रवद्धन केन्द्रबाट पूव ʼ योग्यता प्राप्त कम्पनीद्वारा ५ किलोवाट क्षमताको पिको हाइड्रो आयोजनाको निर्माण/जडान
- प्रत्येक आयोजना क्षेत्रमा अन्न पिसानी र प्रशोधनका लागि सुधारिएको पानी घट्ट तथा अन्य परिप्रयोग जडान
- उत्पादित विद्युतको प्रत्यक्ष वा अप्रत्यक्ष उपयोग मार्फत घरेलु तथा साना लघु उद्यमको विकास तथा सञ्चालनका लागि उपयुक्त तालिम
- सम्भावित लघु उद्यमी, आयोजना अपरेटर तथा प्राविधिकको पहिचान तथा तिनिहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिमहरुको सञ्चालन



XXXXXXX




आयोजना चक्र
माग सकंलन
पूर्व सम्भाव्यता सर्वेक्षण
विस्तृत सम्भाव्यता सर्वेक्षण
आयोजना अनुमोदन
आयोजना सम्झौता
सामग्रीहरुको निर्माण तथा जडान
परिक्षण तथा उत्पादन प्रमाणीकरण
अनुगमन, मुल्याङ्कन तथा ग्यारेण्टी अवधी



## कार्यक्रम सञ्चालन विधि तथा तथा चक्र







## ग्रामीण प्रविधि केन्द्र
## भनिमण्डल, ललितपुर

फोन: ०१ ५५३००७१/५५४७६२७
फ्याक्स: ०१ ५५३२९६२

पोष्ट बक्स: ३६२८
ई-मेल: info@crtnepal.org

**www.crtnepal.org**

## ओरेक नेपाल , उदयपुर

फोन: ०३३ ४२०१२९
०३३ ६९०१२९